कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १९३ | वि.सं. २०८२ कार्तिक १९ बुधवार | नेपाल संवत: ११४५, कार्तिक शुक्लपक्ष पूर्णिमा | Wednesday 5 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## हात्ती परिचालन गरेर बाघको खोजी

**युग संवाददाता**
**बाँके, १८ कार्तिक ।**

बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका बासिन्दा वन्यजन्तुबाट हुनसक्ने आक्रमणबाट त्रसित हुँदै आएका छन् । निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत राप्तीसोनारी गाउँपालिका-९ स्थित गुरुवागाउँका इन्द्रबहादुर खत्रीलाई आक्रमण गर्ने वन्यजन्तुको पहिचान नहुँदा स्थानीयवासी त्रसित हुन पुगेको राप्तीसोनारी-९ का वडाध्यक्ष सोहनलाल थारूले जानकारी दिए।

उनका अनुसार गत कात्तिक ८ गते स्थानीय रिम्ना सामुदायिक वनमा घाँस काट्न गएका ४० वर्षीय खत्रीको सोही सामुदायिक वनको चिल्लेपाटा भन्ने स्थानमा क्षतविक्षत अवस्थामा शव फेलापरेको थियो। तर घटना घटेको दश दिन बितिसक्दासमेत जङ्गली जनावर फेलापरेको छैन।

बाँके राष्ट्रिय निकुञ्जबाट बाहिर निस्कने बाघ र चितुवाले निकुञ्ज वरिपरिका क्षेत्रमा घाँस दाउरा गर्न गएका मानिसहरुमाथि निरन्तर आक्रमण गर्न थालेपछि स्थानीयवासी त्रसित बनेको थारूको भनाइ छ।

आक्रमण गर्ने वन्यजन्तुको पहिचान र नियन्त्रणको लागि घटना भएको क्षेत्रमा पाँच सयदेखि एक किलोमिटर क्षेत्रको फरकमा नौ थान 'क्यामेरा' जडान गरिए पनि क्यामेरामा जङ्गली जनावर नदेखिएको बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दीप पङ्गेनीले जानकारी दिए।

"स्थानीयवासीलाई थप जोखिम नहोस् र सुरक्षाको प्रत्याभूति होस् भन्ने उद्देश्यले निकुञ्जबाट प्रविधिको प्रयोगका साथै दैनिक मानवीय जनशक्तिसमेत खटाएर बाघ नियन्त्रणको प्रयास भइरहेको छ", उनले भने, "निकुञ्जका जनशक्ति, नेपाली सेनाका साथै तीनवटा हात्ती परिचालन गरेर बाघको खोजी भइरहेको छ ।" बाँके निकुञ्ज वरिपरिका क्षेत्रमा प्रायःजसो बाघ र चितुवाको आक्रमणका घटना भइरहेकाले स्थानीय बासिन्दालाई घाँस दाउरा गर्न जाँदा एक्लै नजान र साँझको समयमा अनावश्यक रूपमा

बाँकी ३ पेजमा

## पुनःनिर्माण कोषमा छ करोड २४ लाख सङ्कलन

**युग संवाददाता**
**काठमाडौँ, १८ कार्तिक ।**

गत भदौ २३ र २४ गते देशभर भएका जेन-जी प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र अतिक्रमणका कारण क्षति पुगेका भौतिक संरचनाको पुनःनिर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनःनिर्माण कोष'मा हालसम्म रू छ करोड २४ लाख सङ्कलन भएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयकाअनुसार सोमबार बेलुकासम्म सो कोषमा उक्त रकम जम्मा भएको हो। जेन-जी प्रदर्शनका क्रममा विभिन्न सार्वजनिक संरचना, सरकारी कार्यालय, तथा स्थानीय निकायका भौतिक संरचनामा क्षति पुगेको थियो । त्यस्ता संरचनाको पुनःनिर्माणका लागि सरकारले गत असोज २८ गते कोषमा आर्थिक सहयोग जुटाउन सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, दातृ निकाय, उद्यमी तथा विभिन्न सङ्घ-संस्थालाई औपचारिक रूपमा आह्वान गरेको थियो ।

सहयोगकर्तालाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षभरि प्रदान गरिने आर्थिक सहयोगलाई करयोग्य आय गणनामा कटौतीयोग्य खर्चका रूपमा सूचीकृत गर्ने व्यवस्था पनि गरेको छ । कोषमा सङ्कलित रकम 'राष्ट्रिय वाणिज्य बैङ्क' सिंहदरबार शाखामा खोलिएको १९६०१००१०२०७०००४ विशेष खातामार्फत व्यवस्थापन गरिँदैछ।

# राष्ट्रिय राजनीतिमा प्रभाव राख्ने जनार्दन गृह प्रदेशमै कमजोर


"कतिसम्म भने शर्माले आफूलाई उपमहासचिवको रुपमा चिनाउने प्रयास नै गरेनन्। अर्थात् प्रचण्डले दिएको उपमहासचिव अस्वीकार गरेका थिए।




**ओम शाही**
**सुर्खेत, १८ कार्तिक ।**

कुनै समय कर्णालीमा नेकपा माओवादी केन्द्रको पार्टी राजनीतिमा एकल वर्चस्व जमाउने नेता हुन्, रुकुम पश्चिमका जनार्दन शर्मा । १० वर्षे सशस्त्र युद्धको दौरानमा चार जना डेपुटी कमान्डरमध्ये एक थिए उनी। शर्माको सैन्य कमान्डमा १० वर्षे सशस्त्र युद्ध चरम उत्कर्षमा पुगेको थियो।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विश्वास पात्र पनि थिए शर्मा। विगतमा भएको माओवादीभित्रको अन्तर्विरोधमा प्रचण्डको पक्षमा सतिसालझैँ उभिने शर्माले प्रचण्डसँगको तीन दशक लामो सहकार्य आज तोडेका छन् । जतिबेला प्रचण्डको साथमा थिए, कर्णालीमा एकछत्र राज गरेका शर्माले विद्रोह गर्दा भने साथ पाएनन्।

कर्णालीले शर्मालाई अपेक्षित साथ त दिएन नै, विद्रोह रोक्ने प्रयास पनि गरेनन्। माओवादी शान्ति प्रक्रियामा आएको दुई दशकमै कुनै बेला प्रचण्डका प्रमुख सारथि उनै शर्मा किनारा लाग्ने अवस्थामा आइपुगेका छन्। अहिले उनीसँग उतिबेलाको जस्तो न शक्तिको प्रभाव छ, न त उनका नजिकका सारथि नै नजिक छन्।

कुनै बेला यस्तो थियो, माओवादी कर्णालीका नेताहरू जनार्दनको निर्णय पर्खन्थे । तर, अहिले भने शर्मालाई ठूलो झट्का लागेको छ । जेनी-आन्दोलनपछि पार्टी अध्यक्ष प्रचण्डले माओवाद त्याग्ने र नेकपा एकीकृत समाजवादीलगायतका ९ वाम समूहसँग एकता गर्ने निर्णय लिएसँगै शर्मा आफ्नै गृह प्रदेशबाट एक्लिएका छन्।

कर्णालीमा जनार्दन शर्मा भर्सेस शक्तिबहादुर बस्नेतको राजनीति हुने गरेको थियो। माओवादीभित्र उनीहरू प्रतिस्पर्धी त थिए नै, प्रचण्डलाई कसले बद्ता विश्वासमा लिने भन्ने प्रतिस्पर्धा पनि हुने गरेको थियो। त्यस क्रममा शर्माले कर्णालीमा शक्ति यसरी आर्जन गरे कि कुनै समय बस्नेतसँग न संगठन थियो, न नेता।

शर्माको एकल वर्चस्व भएकै कारण एमाले र माओवादी केन्द्र मिलेको बेलामा पनि शर्मा नै हावी हुने गरेका थिए। मुख्यमन्त्री शाहीलाई बनाएपछि मुख्यमन्त्रीलाई चलाउने संयन्त्र भने शर्माले नै नेतृत्व गरेका थिए। अनि हरेक मन्त्री नियुक्ति र राजनीतिक नियुक्तिमा शर्माको सिफारिस मात्रै चल्थ्यो। त्यसरी अवसर लिएका पनि अहिले शर्माको पक्षमा खुलेका छैनन्।

यतिसम्म कि शर्मालाई उनका सहोदर भाइ र बहिनीले समेत साथ दिएनन् । मंगलबार नेकपा (माओवादी केन्द्र) छोडेर नयाँ अभियान घोषणा गरेका शर्माले पत्रकार सम्मेलन भइरहँदा उनका भाइ ओपेन्द्र शर्मा र बहिनी नारायणी शर्मा माओवादीको महाधिवेशन आयोजक केन्द्रीय समिति बैठकमा थिए।

यति मात्रै होइन, पार्टीभित्र नेतृत्व हस्तान्तरणका विषयमा खरो आवाज उठाइरहेका शर्मालाई कर्णालीबाट प्रतिनिधित्व गर्ने दुईतिहाइ केन्द्रीय सदस्यहरूमध्ये अधिकांश शर्माको पक्षमा खुलेनन्। गत साता काठमाडौंमा सम्पन्न माओवादीको सातौँ पूर्ण बैठकमा कर्णालीबाट ६५ जना केन्द्रीय सदस्य सहभागी थिए।

उक्त बैठकमा अध्यक्ष प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव शर्माले पार्टीको राजनीतिक प्रतिवेदन पेस गरेका थिए। प्रचण्डले केन्द्रीय समिति भंग गरेर महाधिवेशन आयोजक समिति बनाउने प्रस्ताव गरे । तर, शर्माको प्रतिवेदन नेतृत्व हस्तान्तरणको विषय थियो।

यी दुई प्रस्तावमा कर्णालीबाट सहभागी केन्द्रीय सदस्यले आफ्नो धारणा राखे । धारणा राख्नेमध्ये ५३ जनाले प्रचण्डको प्रस्तावमा समर्थन जनाएपछि शर्मा आधिकारिक रूपमा एक्लिएको बैठकमा सहभागी एक केन्द्रीय सदस्यले बताए।

### यसरी एक्लिए शर्मा

२०८० सालमा सम्पन्न माओवादी केन्द्रको महाधिवेशनबाट महासचिव बन्न चाहन्थे, शर्मा। उनका प्रतिस्पर्धी थिए अर्का नेता वर्षमान पुन । तर, अध्यक्ष प्रचण्डले दुवैले दरिलो गरी महासचिवमा दाबी पेस गरेपछि चर्चामै नरहेका अर्का नेता देव गुरुङलाई महासचिव बनाए।

प्रचण्डको त्यो निर्णयबाट जनार्दन बिच्किएका थिए । प्रचण्डले शर्मालाई उपमहासचिव बनाएदेखि नै प्रचण्डसँग उनी टाढिँदै गएका थिए। कतिसम्म भने शर्माले आफूलाई उपमहासचिवको रुपमा चिनाउने प्रयास नै गरेनन्। अर्थात् प्रचण्डले दिएको उपमहासचिव अस्वीकार गरेका थिए। त्यसयता शर्माले पार्टीमा नेतृत्व रुपमान्तरणको आवाज बलियो बनाउँदै लगे।

२ जेठ २०८२ मा प्रचण्डले मध्यपहाडी लोकमार्ग अभियान थाले । उतिबेला प्रचण्ड बैतडीको झुलाघाटबाट मध्यपहाडीको यात्रा थालेका थिए। तर, प्रचण्डको उक्त अभियानमा शर्मा सहभागी भएनन् । उक्त अभियान ६ जेठमा शर्माको गृहजिल्ला रुकुम पश्चिमको चौरजहारी पुग्यो। अभियानमा सहभागी नभएका उपमहासचिव शर्मा नेता सुदन किराँतीलाई लिएर पोखराको बाटो हुँदै सोही अभियानमा सहभागी हुन रुकुम पश्चिम पुगेका थिए।

अभियानमा सहभागी नभएका शर्मालाई गृहजिल्लामै प्रचण्डले भनिदिएका थिए, 'कोही नेताले पार्टी छोड्ने कुरा छ, तर माओवादीलाई जनताको साथ छ ।' उनको त्यो भनाइ उपमहासचिव शर्मालक्षित थियो। प्रचण्डको उक्त अभिव्यक्तिलाई लिएर शर्मा झन् चिढिएका थिए। शर्मा र अध्यक्ष प्रचण्डको दूरी पार्टीनिकट विद्यार्थी

बाँकी २ पेजमा




# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो



नवराज ढकाल

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरूलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो। वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौँ संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन्।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरू गर्ने रहेका छन्।

हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रूपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरूको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रुफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन्।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रुफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घरायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन्।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ। स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर (करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ। साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरूलगायतका क्रियाकलापहरू समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन्।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन्।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरूलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरू सम्पन्न गरिएको छ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ। कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरूमा विकास साझेदारहरूसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रूपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ। कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रूपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरूमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ। दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरूमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुऱ्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ। देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ। नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ। सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घरायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा "सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२ तयार गरिएको छ। यस मार्गचित्रको मुख्य उद्देश्य घरायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनको लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ। मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगको लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगको लागि २९ मेगावाट बराबरको थर्मल प्लान्ट स्थापना गर्ने लक्ष्य लिएको छ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्ण विद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ।

विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरूमा विद्युत् पहुँच पुऱ्याउन मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र केन्द्रले पूर्ण विद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी धरधुरीमा विद्युत् पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवार ीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ। सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत पहुँच तथ्याङ्कबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरूको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ। केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अङ्गका रूपमा सेवा पुऱ्याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रुपान्तरणको क्षेत्रमा विशेष ध्यान पुऱ्याई आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरू सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरूमा कुल ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु सङ्कट न्यूनीकरणका लागि विकास साझेदारहरूले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्। स्वदेशमा नै रोजगारी सृजना गर्ने, युवाहरूलाई विदेशिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवर्द्धनको लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरू तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ। त्यसैगरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सङ्घीय संसदबाट स्वीकृत गरी ऐनको रुप दिने कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको छ।

त्यसैगरी विभिन्न विकास साझेदारको सहयोगमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिबद्धता अनुरुपको समपुरक कोष उपलब्ध हुनुपर्ने, पूर्ण विद्युतीकरण, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, पुराना तथा विपद् बाट क्षति भएका लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिडलगायतका आयोजनाको पुनःस्थापना र राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न बजेट व्यवस्थापन गर्नुपर्ने जस्ता कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक रहेको छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धनको माध्यमबाट केन्द्रलाई आगामी दिनमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको विशिष्टता केन्द्रको रूपमा विकास गर्ने कार्यमा केन्द्रको प्रतिबद्धता रही आएको छ।

*(लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुन्)*

## स्वास्थ्य टिप्स

# बिहानको खाजा किन आवश्यक छ ?



दिपु सिंह राजपुत

बिहानको खाजा, जसलाई अंग्रेजीमा 'ब्रेकफास्ट' भनिन्छ, यसको अर्थ नै हो, 'रातको लामो उपवास तोड्नु।' जब हामी रातभर सुत्छौँ, शरीरले ७-८ घण्टा कुनै पनि पोषण वा ऊर्जा पाउँदैन। बिहान उठ्दा शरीरलाई पुनः ऊर्जा, ग्लुकोज र पोषक तत्त्वको आवश्यकता हुन्छ। त्यसैले बिहानको खाजा हाम्रो स्वास्थ्य, ध्यान, कार्यक्षमता र मानसिक सन्तुलनका लागि अत्यन्तै जरुरी हुन्छ।

**१. ऊर्जा प्राप्तिको प्रमुख स्रोत**

बिहानको खाजाबाट शरीरले दैनिक गतिविधि गर्न आवश्यक ऊर्जा पाउँछ। रातभर हाम्रो शरीरले मर्मत र पुनःनिर्माणको काम गर्छ, जसका लागि ग्लुकोज प्रयोग हुन्छ। बिहान उठेपछि शरीरको ग्लुकोज स्तर घटिसकेको हुन्छ, त्यसलाई पुनः सन्तुलनमा ल्याउन खाजा आवश्यक हुन्छ।

यदि बिहान खाजा नखाइ काममा निस्कियो भने शरीरमा ऊर्जा अभाव हुन सक्छ, जसले थकान, सुस्तता र कार्यक्षमतामा कमी ल्याउँछ। विद्यार्थी, श्रमिक, शिक्षक वा अफिसमा काम गर्ने जो कोहीका लागि पनि पर्याप्त ऊर्जा अनिवार्य हुन्छ।

**२.मस्तिष्कको कार्य सुधार**

हाम्रो मस्तिष्कले शरीरको कुल ऊर्जा उपभोगको करिब २०% हिस्सा प्रयोग गर्छ। जब हामी बिहान खाजा खान्छौँ, त्यसले ग्लुकोज प्रदान गर्छ – जुन मस्तिष्कको प्रमुख इन्धन हो। खाजा नखाई विद्यालय वा अफिस जाने व्यक्तिहरूमा ध्यान केन्द्रित गर्न कठिनाइ, निर्णय क्षमतामा कमी, झर्कोपन, तथा बिर्सने प्रवृत्ति बढ्न सक्छ। त्यसैले विद्यार्थी वा मानसिक श्रम गर्ने व्यक्तिहरूका लागि बिहानको खाजा झन् महत्वपूर्ण हुन्छ।

**३. शरीरको मेटाबोलिज्म सन्तुलनमा राख्ने**

बिहान खाजा खाँदा शरीरको मेटाबोलिज्म (पाचन तथा ऊर्जा उत्पादन प्रक्रिया) सक्रिय हुन्छ। जब बिहान खाजा छोडिन्छ, शरीरले त्यसलाई "उपवास" अवस्था मानेर ऊर्जा बचत मोडमा जान्छ, जसले क्यालोरी जल्ने दर घटाउँछ। नियमित रूपमा खाजा खाने बानीले शरीरलाई नियमित समयमा पोषण दिन्छ, जसले पाचन प्रणालीलाई सन्तुलित राख्छ। यसले तौल नियन्त्रणमा पनि सहयोग गर्छ।

## यसरी...

संगठन अखिल (क्रान्तिकारी)को २३ औँ राष्ट्रिय सम्मेलनबाट अझ बढेको थियो।

१० असोज २०८१ बाट सुरु भएको सम्मेलनमा उपमहासचिव शर्माले अध्यक्ष प्रचण्डविरुद्ध पूरै प्यानल नै उठाएका थिए। विद्यार्थीको यही सम्मेलनपछि कर्णालीका नेताहरू शर्मालाई बाइपास गर्ने मुडमा पुगेका थिए। महाधिवेशन, मध्यपहाडी लोकमार्गको अभियानहुँदै विद्यार्थी संगठनको सम्मेलनसम्म आइपुग्दा नेतृत्व हस्तान्तरणको विषयलाई बटम लाइन बनाएका शर्मालाई एकाधबाहेक कर्णालीका सबैले साथ छाडेको प्रचण्डनिकट माओवादी स्रोत दाबी गर्छ।

उनका विश्वासपात्र मानिने प्रदेश अध्यक्ष विमला केसी, जिल्ला पार्टी संयोजक सचिन रोका, पार्टी जिल्ला इन्चार्ज वसन्त शर्मा, केन्द्रीय सदस्य गोपाल शर्मालगायत दुईतिहाइ नेता तथा कार्यकर्ता प्रचण्डको कित्तामा उभिएका छन्। स्रोतका अनुसार अहिले शर्माका पक्षमा कर्णालीका पूर्वमुख्यमन्त्री राजकुमार शर्मा, केन्द्रीय सदस्य लक्ष्मी पुन, कालीकोटका वैकल्पिक सदस्य जन्मदेव जैशी, आठबिसकोटका पूर्वनगर प्रमुख सन्देश केसीलगायतका नेताको मात्र समर्थन छ।

२० बढी केन्द्रीय सदस्य रहेको रुकुम पश्चिमका सबै नेता प्रचण्डको कित्तामा उभिएका छन्। शर्माको विश्वासपात्रको रूपमा थिए महेन्द्रबहादुर शाही। सशस्त्र युद्धमा सैन्य कमान्डरसमेत रहेका शाहीलाई शर्माले नै राजनीतिक सिँढी चढाएका थिए। शाहीलाई ऊर्जामन्त्री बनाउनेदेखि कर्णाली प्रदेशको पहिलो मुख्यमन्त्री बनाउनेसम्मको भूमिकामा शर्मा थिए। तर, अहिले शाही पनि शर्माको

## विश्व

# अनिल अम्बानीको सम्पत्ति जफत

**मुम्बई, १८ कार्तिक ।**

भारतको शीर्ष वित्तीय अपराध अनुसन्धान निकाय, प्रवर्तन निदेशालय (इडी) ले प्रतिष्ठित उद्योगपति अनिल अम्बानीसँग सम्बन्धित विभिन्न कम्पनीहरूबाट ८४ करोड ६० लाख अमेरिकी डलरभन्दा बढी (करिब ७५ अर्ब भारतीय रुपैयाँ) बराबरको सम्पत्ति जफत गरेको जनाएको छ। यो कारबाही बैंक धोखाधडी र मनी लन्ड्रिङसम्बन्धी अनुसन्धानको एक महत्त्वपूर्ण अंशका रूपमा गरिएको हो।

एसियाका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीका कान्छा भाइ अनिल अम्बानी विगत दुई दशकयता आफ्नो व्यवसायिक साम्राज्यमा आएको गिरावटका कारण निरन्तर विवादमा परिरहेका छन्। एक समय ऊर्जादेखि दूरसञ्चार र रक्षा उद्योगसम्म फैलिएको विशाल व्यापारिक साम्राज्यका स्वामी रहेका उनी अहिले विभिन्न आर्थिक अनियमिततासम्बन्धी अनुसन्धानको केन्द्रमा परेका छन्।

इडीले सोमबार साँझ जारी गरेको विज्ञप्तिमा कार्यालय परिसर, आवासीय एकाइहरू र करिब १३२ एकड (५३ हेक्टर) जग्गासहितको सम्पत्ति फ्रिज गरिएको जानकारी दिएको छ। निकायले भनेको छ, "रिलायन्स अनिल अम्बानी समूहका विभिन्न कम्पनीहरूले सार्वजनिक कोषको धोखाधडीपूर्ण हेरफेर गरेका छन् र संस्थाले ती गैरकानूनी आम्दानीलाई सही दावीकर्ताहरूलाई पुनःस्थापित गर्न प्रतिबद्ध रहेको स्पष्ट गरेको छ।"

इडीको यो अनुसन्धान भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सिबिआई) ले गत अगस्टमा दायर गरेको आपराधिक मुद्दाको आधारमा प्रारम्भ भएको हो। सो मुद्दा देशकै सबैभन्दा ठूलो बैंक, स्टेट बैंक अफ इन्डिया (एसबिआई) ले दर्ता गरेको ठगी उजुरीबाट उत्पन्न भएको बताइन्छ। उजुरीमा रिलायन्स कम्युनिकेसनले बैंक कोषको दुरुपयोग गरी करिब २९ अर्ब २९ करोड रुपैयाँको नोक्सानी पुऱ्याएको आरोप लगाइएको थियो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सुरुमा खर्च लागे पनि दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर जुट्न सक्छ। चुनौतीपूर्ण काममा हात हाल्न केही समय पर्खनुहोला।

**वृष** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ। ऋणमोचन हुने सम्भावना छ। तर रकम हातलागी भए पनि खर्च

**मिथुन** — समाजमा तारिफयोग्य काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ।

**कर्कट** — मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ। पेसा-व्यवसायमा लाभ हुनेछ। हिम्मतले काम बनाउन सकिनेछ।

**सिंह** — स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। जिम्मेवारी भने बढिरहनेछन्। काम बिग्रने भयले सताउनेछ।

**कन्या** — बिहानको समय रमाइलो तथा कामका लागि अनुकूल रहनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। मनपर्ने भौतिक साधन जुट्नेछ।

**तुला** — प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ।

**वृश्चिक** — कामका लागि बिहानको समय अनुकूल रहनेछ भने परिस्थिति पनि रमाइलो हुनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ।

**धनु** — पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ।

**मकर** — छोटो समयमा उपलब्धि हात पार्ने अवसर प्राप्त हुनेछ। विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ। प्रतिद्वन्द्वीहरूलाई पछि पार्न सकिनछ।

**कुम्भ** — लगनशील बन्दा प्रशंसकहरू बढ्नेछन् भने मनग्य धन लाभ हुनेछ। विचारले धेरैलाई प्रभावित पार्न सकिनेछ। प्रयत्न गर्दा बोलीको भरमा काम बन्नेछ।

**मीन** — प्रयास गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। हिम्मतले काम बनाउन सकिनेछ।

# जुम्लामा जेहेनदार युवालाई छात्रवृत्ति प्रदान



**गोल्डेन बुढा**
**जुम्ला, १८ कार्तिक ।**

शिक्षा र सामाजिक उत्तरदायित्वको उत्कृष्ट उदाहरण प्रस्तुत गर्दै, सेवा र विकासका लागि युवाहरुको आयोजनामा र ओरेगन नेपाली समाज, अमेरिकाको सहयोगमा जुम्लास्थित श्री चन्दननाथ माध्यमिक विद्यालयमा दुईजना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छायस कार्यक्रमले विद्यार्थीहरूलाई मात्र आर्थिक सहयोग प्रदान गरेको छैन, तर उनीहरूमा अनुशासन, आत्मविश्वास र भविष्य निर्माणको प्रेरणा जगाउने उद्देश्य पनि राखेको छ।

कक्षा ८ का विद्यार्थी रिटन न्यौपाने र लक्ष्मी रोकायाले यस वर्षको जेहेनदार तथा लगनशील छात्रवृत्ति २०८२ अन्तर्गत जनही १४ हजार रुपैयाँ नगद, 'औषधिको ज्ञान, स्वस्थ ध्यान' पुस्तक र प्रमाणपत्र प्राप्त गरेका छन्। विद्यालय प्रशासनले शैक्षिक उत्कृष्टता, अनुशासन र लगनशीलताको आधारमा उनीहरूलाई छात्रवृत्तिका लागि सिफारिस गरेको प्रधानाध्यापक टंकबहादुर महतले बताए।

"विद्यार्थीहरूको निरन्तर अभ्यास, अनुशासन र लगनशीलताले उनीहरूलाई यो सम्मान दिलाएको हो। हाम्रो विद्यालयले जहिले पनि यस्ता विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने नीति लिने गरेको छ," प्रधानाध्यापक महतले भने। कार्यक्रमका प्रमुख वक्ता, सेवा र विकासका लागि युवाका संस्थाका उपाध्यक्ष डा. दीर्घराज जोशी, ले उपस्थित विद्यार्थी र अभिभावकहरूलाई सम्बोधन गर्दै भने, "शिक्षा केवल पाठ्यपुस्तकको ज्ञान होइन। दृढ संकल्प, अनुशासन र निरन्तर प्रयत्नले असम्भव लाग्ने कार्य पनि सम्भव हुन्छ। तपाईंहरूले पाएको छात्रवृत्ति केवल सम्मान होइन, तपाईंहरूको मेहनतको प्रतिफल हो। यसलाई सदुपयोग गर्नुहोस् र अरु विद्यार्थीका लागि प्रेरणा बन्नुहोस्।"

रिटन न्यौपानेले भने, "छात्रवृत्ति पाउँदा म अत्यन्त खुशी छु। यसले मेरो अध्ययनप्रतिको लगाव बढाउँछ र मलाई अझ मेहनत गर्न प्रेरित गर्छ। भविष्यमा म कठिनाइको सामना गर्दै आफ्नो लक्ष्य हासिल गर्ने योजना बनाइरहेको छु।" त्यसैगरी लक्ष्मी रोकायाले भनिन्, "म यो अवसर पाउँदा धन्य भएको महसुस गर्छु। मेरो लक्ष्य केवल राम्रो अंक ल्याउनु मात्र होइन, जेहेनदार विद्यार्थी बन्न र समाजमा योगदान पुऱ्याउनु हो। यो छात्रवृत्तिले मलाई थप मेहनत गर्न उत्प्रेरित गरेको छ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर रोकायाले भने, "यस प्रकारका परोपकारी छात्रवृत्तिले विद्यार्थीमा मात्र होइन, सम्पूर्ण समाजमा सकारात्मक प्रभाव पार्छ। हामीले जुम्ला जिल्लालाई छनोट गरेको कारण यहाँका विद्यार्थीको प्रतिभा उजागर गर्ने अवसर बढी देखिएको हो। यस्तो अभियानले शिक्षा र प्रेरणालाई सँगसँगै अघि बढाउनेछ।"

उक्त कार्यक्रममा विद्यालयका शिक्षक, अभिभावक र स्थानीय समाजसेवीहरूको उपस्थिति रहेको थियो। यसले कार्यक्रमको महत्व बढाएको मात्र होइन, विद्यार्थीमा आत्मविश्वास र अध्ययनप्रतिको उत्साह पनि जगाएको थियो। डा. जोशीले थप जानकारी दिँदै भने, "यस वर्ष देशभर ३५ जना जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ। हामी भविष्यमा अझ धेरै विद्यार्थीलाई शैक्षिक सामग्री र प्रेरणा प्रदान गर्ने योजना बनाइरहेका छौं। यो अभियानले केवल विद्यार्थीलाई प्रोत्साहित नगरी, समुदायमा शिक्षा र सेवा प्रतिको चेतना फैलाउने काम पनि गरिरहेको छ।"

कार्यक्रममा उपस्थित अभिभावकहरुले भने, "हाम्रो बच्चा यस्तो अवसर पाउँदा हामी अत्यन्त गर्वित छौं। यसले उनीहरूको भविष्य निर्माणमा ठूलो भूमिका खेल्नेछ। समाजमा यस्ता प्रेरक कार्यक्रमहरू निरन्तर जारी रहुन् भन्ने हाम्रो आशा छ।"

# 'जाऊँ है बेगनास पोखरा' अभियानको टोली सुर्खेतमा

**युग संवाददाता**
**सुर्खेत, १८ कार्तिक ।**

पोखराको पर्यटन प्रर्बद्धन गर्नका लागि 'जाऊँ है बेगनास पोखरा' अभियानको टोली सुर्खेतमा आइपुगेको छ। होटल तथा रेस्टुरेन्ट एसोसिएसन, लेखनाथको आयोजना एवं नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष २०२५ को सहयोगमा पोखराको पर्यटन क्षेत्रको प्रचार-प्रसार गर्नका लागि मंगलबार सुर्खेत आइपुगेको हो।

सुर्खेतमा आएको टोलीलाई कर्णालीमा रहेका पर्यटकीय क्षेत्रको जानकारी दिइएको कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले बताए। 'पोखराबाट पर्यटन प्रर्बद्धनका लागि आएको टोलीलाई कर्णालीका पर्यटकीय स्थलहरुको बारेमा जानकारी दिने काम भयो,' उनले भने,'पोखराका र कर्णालीलाई जोडेर पर्यटन क्षेत्रको विकासमा हातेमालो गर्ने सहमति भएको छ।'

कर्णाली क्षेत्रको पर्यटन व्यवसाय पोखराको जति नफस्टाएको भएपनि यो क्षेत्रमा कर्णाली प्रदेशमा गतिबिधि बढ्दै गएको कर्णाली उद्योग बाणिज्य संघका अध्यक्ष पदमबहादुर शाहीले बताए। उनले पोखरासँग पर्यटन क्षेत्रबाट फाइदा लिन सकिने त्यसका लागि सरकारी तथा नीजि क्षेत्रको सहकार्य आवश्यक रहेको बताए।

पश्चिम नेपालका बुटबल, बर्दिया, सुर्खेतलगायतका क्षेत्रलाई लक्षित गरी लेखनाथ क्षेत्रका पर्यटन व्यवसायी एवं पर्यटन सम्बद्ध ३७ सदस्यीय प्रतिनिधिमण्डल प्रवर्द्धनात्मक कार्यक्रममा निस्केको होटल तथा रेस्टुरेन्ट एसोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले बताए। उनले आन्तरिक पर्यटनको प्रवर्द्धनसँगै पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको बताए।

# देउसीभैलोबाट सङ्कलित रकमले बाटो मर्मत

**युग संवाददाता**
**हुम्ला, १८ कार्तिक ।**

देउसीभैलो खेलेर सङ्कलन भएको रकमले बाटो मर्मत गरिएको छ। देउसीभैलो मनोरञ्जनका लागि खेल्ने गरिए पनि पछिल्लो समय यहाँका केही समूहले मनोरञ्जन मात्रै नभएर विकास निर्माणमा लगानी गर्न थालेका हुन्।

हुम्लाको अदानचुली गाउँपालिका-१ तल्लो कल्खे गाउँका युवाले यस वर्षको तिहारमा देउसीभैलो खेलेर सङ्कलन भएको रकमले दैनिक आवतजावत गर्ने बाटो मर्मत गरेका उक्त समूहका संयोजक वर्ष महतराले बताए। "गत वर्ष दैनिक पशुचौपाया हिँड्ने तलिखोलाको बाटो मर्मत गरेका थियौँ, यस वर्ष स्यालखेत खानेपानीको बाटो मर्मत गरेका हौँ", उनले भने।

पछिल्लो समय दुर्गम क्षेत्रमा विकास योजना आफैँ नआउने, ल्याउनु परे निकै सास्ती ब्योहोर्नुपर्ने, सानातिना विकासका योजना नआउनेलगायत समस्या भएकाले गाउँको मर्मतमा समूह जुटेको महतराको भनाइ छ।

मुगु जिल्लाको भिइ, सोरु गाउँपालिकाको मुख्य बजार क्षेत्र, तुम्च र हुम्लाको आफ्नै गाउँमा देउसीभैलो खेली करिब रु ३५ हजार सङ्कलन भएकामा १३ जना युवाको खाना खर्च कटाएर बाँकी रकमले बाटो मर्मत गरिएको हो। दैनिक खानेपानी ल्याउने, पशुचौपाया हिँड्ने बाटो गत वैशाखमा आएको बाढीले भत्काएको थियो।

# अटोरिक्सा सञ्चालनपछि नरैनापुरवासीलाई आवागमनमा सहज

**युग संवाददाता**
**बाँके, १८ कार्तिक ।**

बाँकेको दुर्गम मानिने नरैनापुर गाउँपालिका क्षेत्रमा अटोरिक्सा सञ्चालनमा आएपछि स्थानीयलाई आवागमनमा सहज भएको छ। छोटो दूरीको यात्राका लागि सवारीसाधन नपाइने समस्याबाट हैरान भएका नरैनापुरवासीलाई अटोरिक्सा सञ्चालनमा आएपछि गन्तव्यसम्म पुग्न सजिलो भएको हो।

नरैनापुर-६ गङ्गापुर निवासी सोहनलाल यादवका अनुसार साँझ र बिहान यात्रुवाहक बस जाने/आउने गरे पनि अन्य समयमा आवागमनमा सास्ती व्यहोर्नुपर्ने नरैनापुरवासीको बाध्यता अटोरिक्साले अन्त्य गरेको छ। नेपालगञ्ज-बघौडा हुलाकी सडक पक्की भएसँगै नरैनापुरमा सञ्चालनमा ल्याइएको अटोरिक्साले स्थानीयवासीलाई सहज बनाएको उहाँको भनाइ छ।

सदरमुकाम नेपालगञ्जबाट नरैनापुर ४४ किलोमिटर टाढा पर्ने नरैनापुरमा यसअघि सवारीसाधनको सास्ती हुँदै आएको थियो। हिजोआज रिक्सा चढेर एक घण्टामा नेपालगञ्ज पुग्न सकिने नरैनापुर-५ जमुनीगाउँकी टीका बूढाथोकीले बताए।

"रिक्सामा चढेपछि घामपानीले प्रभावित गर्दैन, समयको पनि बचत भएको छ। अहिले सजिलोसँगै गन्तव्यमा पुग्न सकिन्छ", उनले भने, "नरैनापुरमा अटोरिक्सा सञ्चालनमा आएपछि स्थानीयलाई दैनिकी कामका लागि सदरमुकामसम्म पुग्न सहज भएको छ।"

# शिक्षणसँगै व्यावसायिक केराखेती

**युग संवाददाता**
**महेन्द्रनगर, १८ कार्तिक ।**

कञ्चनपुरको पुनर्वास नगरपालिका-१ का विष्णुराज घिमिरे जनकल्याण माध्यमिक विद्यालयका शिक्षक हुन्। तर उहाँको परिचय शिक्षकमा मात्रै सीमित छैन। उनी हाल व्यावसायिक कृषकको रूपमा पनि परिचित छन्। विसं २०७५ देखि केराखेती गर्नुभएका घिमिरेले हाल साढे आठ बिघा जमिन भाडामा लिएर केराखेती गरिरहेका छन्।

"वार्षिक रु पाँच लाख भाडा तिर्ने गरी जमिन लिएर केराखेती गरिरहेको छु," घिमिरेले भने, "वार्षिक केराखेतीबाट रु १० लाख मुनाफा हुन्छ।" उनले केराखेतीबाट भएको आम्दानीले प्रत्येक वर्ष क्षेत्र विस्तार गर्नाका साथै छोराछोरीको अध्ययन खर्च जुटाइरहेको बताए।

"केराको मूल्यमा उतारचढाव आउँदा कहिलेकाहीँ समस्या हुन्छ," उनले भने, "कञ्चनपुर जिल्ला असारदेखि माघसम्म केरामा आत्मनिर्भर भइसकेको छ।" उनले बाह्रै महिना केरा उत्पादन गर्न यहाँ सम्भव नभएको बताए। केराखेतीबाट वार्षिक रु २० देखि ३० लाखसम्मको कारोबार हुने गरेको बताउँदै घिमिरेले केराखेतीमा आफूले १० जनालाई ज्यालादारीमा रोजगारी पनि दिएको जानकारी दिए। "बिरुवा, केरा गोडमेल गर्न चाहिने कृषि औजारहरू सिँचाइलगायतका विषयमा कृषि ज्ञान केन्द्रबाट हरेक बर्ष सहयोग मिलेकै छ," गाउँमा रहेको अंशुबर्मा बिजवृद्धि कृषक समूहको अध्यक्षसमेत रहनुभएका घिमिरेले भने, "यहाँको बेलौरी र पुर्नबास क्षेत्रमा उत्पादन भएको केराका लागि बजारको समस्या छैन, धनगढी र अत्तरियामा खपत हुँदैछ।" उनले गाउँमा कृषि समूहको नेतृत्व गर्दै बीउबिजन उत्पादनमा समेत जोड दिएका छन्।

# नेपाल प्रिमियर लिगको ट्रफी टुरले उत्साह थपियो

**सरला सुवेदी**
**बाँके, १८ कार्तिक ।**



नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करण सुरु हुनुअघि बाँके र बर्दियाका विभिन्न स्थानमा गरिएको ट्रफी टुर कार्यक्रमले खेलप्रेमीहरूमा उत्साह थपेको छ।

ट्रफी टुर कार्यक्रम अन्तर्गत लुम्बिनी लायन्सको टिम ट्रफीसहित बाँकेका दुई प्रमुख शहर कोहलपुर र नेपालगञ्ज तथा बर्दियाको बाँसगढी पुगेको थियो।

एनपीएलप्रति सर्वसाधारणको समर्थन आर्जन गर्ने उद्देश्यले गरिएको ट्रफी टुर अन्तर्गत ट्रफीलाई कोहलपुर चौराह, कोहलपुरको क्रिकेट मैदान, नेपालगञ्जको वागेश्वरी मन्दिर, मङ्गलप्रसाद मावि र नेपालगञ्ज रङ्गशालासम्म पुऱ्याइएको थियो।

कोहलपुर चौराहामा आयोजित विशेष कार्यक्रममा कोहलपुर नगरपालिकाका उपप्रमुख सङ्गीता पौडेल, नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय छनोट समितिका सदस्य तथा पूर्व कप्तान लेखबहादुर क्षेत्री, र नेपाली महिला क्रिकेट टिमकी पूर्व उपकप्तान ममता थापाले संयुक्त रूपमा ट्रफीलाई स्वागत गरे।

> टिमका मेन्टर शक्ति गौचनका अनुसार, विभिन्न स्थानमा नागरिक र क्रिकेटप्रेमीहरूले ट्रफी टुरलाई भव्य स्वागत गरेका थिए।

पूर्व उपकप्तान ममता थापाले भने, "ट्रफी टुर नेपाली खेलकुद इतिहासमा पहिलोपटक गरिएको महत्वपूर्ण प्रयास हो। विश्वकप ट्रफीहरू जस्तै यसरी नै नेपाल प्रिमियर लिगको ट्रफी जनस्तरसम्म पुऱ्याउनुले क्रिकेटको लोकप्रियता बढाउनेछ। नेपाल विश्वकपमा छनौंट भइसकेको सन्दर्भमा यस्तो अभियानले नयाँ ऊर्जा थपेको छ।"

उपमेयर सङ्गीता पौडेलले खेलकुदमा स्थानीय तहको निरन्तर समर्थन रहने बताउँदै भनिन, "यस्ता कार्यक्रमहरूले खेलाडीहरूमा मात्र होइन, युवापुस्तामा पनि सकारात्मक सन्देश दिन्छ। कोहलपुर नगर खेलमैत्री नगरका रूपमा अघि बढ्दैछ, र हामी यसलाई अझ सशक्त बनाउनेछौँ।"

त्यसैगरी, पूर्व कप्तान लेखबहादुर क्षेत्रीले भने "एनपीएलजस्ता प्रतिस्पर्धाले नेपाली क्रिकेटलाई नयाँ व्यावसायिक युगमा पुऱ्याएका छन्। ट्रफी टुरले खेलप्रेमीहरूसँग प्रत्यक्ष सम्पर्क स्थापित गरेर राष्ट्रिय टिमप्रतिको समर्थनलाई अझ बलियो बनाएको छ।" टिमका मेन्टर शक्ति गौचनका अनुसार, विभिन्न स्थानमा नागरिक र क्रिकेटप्रेमीहरूले ट्रफी टुरलाई भव्य स्वागत गरेका थिए।

एनपीएलको दोस्रो संस्करण सुरु हुनुअघि गरिएको यो ट्रफी टुरले प्रतियोगिताप्रतिको उत्सुकता र जनचासो उल्लेखनीय रूपमा बढाएको बताइन्छ। नेपाली पुरुष राष्ट्रिय टिमका कप्तान रोहित पौडेलको नेतृत्वमा रहेको लुम्बिनी लायन्सले यसपटक उपाधि जित्ने लक्ष्यसहित तयारी तीव्र पारेको छ।

एनपीएलको दोस्रो संस्करण आगामी मङ्सिर १ गतेदेखि सुरु हुँदैछ। लुम्बिनी लायन्सको सक्रियतामा लुम्बिनी प्रदेशका २८ स्थानमा ट्रफी टुर सम्पन्न गरिएको हो।

# 'जाउँ है बेगनास पोखरा' बर्दियाको ठाकुरबाबामा

**युग संवाददाता**
**बर्दिया, १८ कार्तिक ।**

आन्तरिक पर्यटनको विकासका लागि पर्यटकीय साझेदारी बढाउने लक्ष्यका साथ आइतबार पोखराबाट निस्केको 'जाउँ है बेगनास पोखरा'को टोलीले सोमबार बर्दियाको ठाकुरबाबा नगरपालिकाका पर्यटन व्यवसायीसँग पर्यटकीय साझेदारीका विषयमा छलफल गरेको छ।

होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथको आयोजना एवं नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष-२०२५ को सहयोगमा त्रीदिवसीय कार्यक्रमका साथ निस्केको टोलीले बेगनास क्षेत्र र बर्दियाको पर्यटकीय साझेदारीलगायतका विषयमा छलफल गरेको हो।

पर्या-पर्यटन विकास मञ्च ठाकुरद्वाराको सहजीकरणमा ठाकुरबाबा नगरपालिकामा गरिएको कार्यक्रमका सहभागीले पर्या-पर्यटनलगायत क्षेत्रमा एकरुपता रहेकाले बेगनास र बर्दियाबीच पर्यटकीय साझेदारीले दुवै लाभान्वित हुनेमा जोड दिइएको हो।

ठाकुरबाबा नगरपालिकाका प्रमुख तीलकराम लम्सालले नेपाल आफैँमा प्रचुर पर्यटकीय सम्भावना भएको देश भएकाले राज्यका तीनवटै तहले यस क्षेत्रको विकासका लागि नीतिगत सुधार गर्दै अघि बढ्नुपर्ने बताए। पोखरासँगको पर्यटकीय साझेदारीका लागि आफूहरू तयार रहेको जनाउँदै उनले आपसी समन्वयबाट दुवै क्षेत्रको पर्यटकीय विकासलाई अघि बढाउन सकिने धारणा राखे।

पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका सहसंयोजक एवं होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका सल्लाहकार दामोदरभक्त थापाले लेखनाथ क्षेत्रमा रहेका बेगनासतालसहितका सात तालहरू, यहाँबाट देखिने हिमाली दृश्यसँगै पर्यटकीय सम्भावनालाई उजागर गर्नेतर्फ आफूहरू लागेको बताए।

बेगनासतालसहित यस आसपासका क्षेत्र जैविक विविधताले सम्पन्न हुनुका साथै चरा पर्यटनलगायतमा धेरै सम्भावना बोकेको जनाउँदै उहाँले बर्दियाका पर्यटकीय क्षेत्रसँग यस्ता विषय मिल्दोजुल्दो भएकाले सहकार्य गरेर अघि बढ्न सकिने धारणा राखे। उनले बेगनाससहित यहाँका तलतलैया एवं पर्यटकीय गन्तव्य समेटिएको श्रव्यदृश्य सामग्री प्रस्तुत गरेका थिए।

होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले लेखनाथ क्षेत्रमा तालतलैयासँगै हिमाल हेरेर फुटबल खेल्न सकिने, भण्डारढिकस्थित खेलमैदानलगायत पर्यटकीय पूर्वाधार रहेका जानकारी दिए। बेगनास क्षेत्रमा आएका पर्यटकलाई बर्दिया पठाउँदा पर्यटकीय गतिविधिसँगै आम्दानी बढ्ने बताउँदै उनले बर्दिया आउने पर्यटकलाई बेगनाससहित पोखराका पर्यटकीय गन्तव्य पठाउन आग्रह गरे।

# धर्मशालाबाट आन्तरिक राजस्व कार्यालयको सेवा पुनः थालनी

**युग संवाददाता**
**दाङ, १८ कार्तिक ।**

आन्तरिक राजस्व कार्यालय तुलसीपुरले त्रिसिद्धेश्वरी मन्दिर तुलसीपुरको धर्मशालाबाट आफ्नो सेवा पुनः सुरुआत गरेको छ। धर्मशालाका १३ कोठा भाडामा लिएर कार्यालयबाट प्रवाह गरिने सेवा सुरु गरेको कार्यालयका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा कार्यालय भवन तोडफोड तथा आगजनीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएपछि धर्मशालाका कोठा भाडामा लिएर सेवा प्रवाह गरेको हो।

सेवाग्राहीलाई ध्यान दिएर करदाता सेवा र राजस्वसम्बन्धी सम्पूर्ण सेवा सुरु गरेको कार्यालय उनले जानकारी दिए। उनका अनुसार यस आर्थिक वर्षको असार मसान्तसम्मका लागि मासिक रु ७५ हजार भाडा तिर्नेगरी मन्दिरसँग सम्झौता गरी धर्मशालामा कार्यालय स्थापना गरी सोमबारबाट सेवा सुरु गरिएको हो।

सो कार्यालयका दाङ, पूर्वीरुकुम, प्युठान, रोल्पालगायतका जिल्लाका गरी ३५ हजार बढी करदाता रहेका छन्। आन्दोलनका क्रममा कार्यालयका दुईवटा भवन, अफिसर निवास पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्।

त्यसैगरी, दुई गाडी, कार्यालयभित्रका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन्। भवनमा बस्न नमिल्ने भनी प्राविधिक टोलीले सुझाव दिएकाले कार्यालय धर्मशालाबाट सञ्चालन गरिएको छ। यसअघि गत असोज ७ गतेदेखि सो कार्यालयले तुलसीपुर उद्योग वाणिज्य सङ्घले निःशुल्क रूपमा उपलब्ध गराएको सङ्घको कार्यकक्षबाट आंशिक रूपमा सेवा सञ्चालन गरिए तापनि अहिले भने धर्मशालाका कोठा भाडामा लिएर कार्यालयबाट हुने सबै सेवा प्रवाह गरेको हो।

जिल्लामा जेनजी आन्दोलनका क्रममा सरकारी कार्यालयमा क्षति भएका भवनका केही कोठालाई मर्मत गरी ती कोठामा बसेर सेवा प्रवाह गरिरहेका छन्। केही कार्यालयले कार्यालय परिसरमा साना टहरा तथा पाल टाँगेरसमेत सेवा प्रवाह गरिरहेका छन्।


## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### सिलबन्दी दररेट पेश गर्ने सम्बन्धमा सूचना

मिति:-२०८२/०७/१३

उपरोक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका नगर कार्यपालिका कार्यालयमा शाखा/उपशाखा/विषयगत शाखाको लागि प्रशासनिक कार्यसम्पादनका निम्ति डेस्कटप कम्प्युटर माग भई आए बमोजिम आ.व.०८२/०८३ बार्षिक नीति, बजेट तथा कार्यक्रम अन्तर्गत वडा तथा शाखामा कम्प्युटर प्रिन्टर तथा फर्निचर फिक्चर्स कार्यक्रम र विशेष अधिवेशनबाट सार्वजनिक सेवा संचालन पुर्वाधार तर्फ डेस्कटप तथा प्रिन्टरहरु खरिद शिर्षकबाट डेस्कटप कम्प्युटर खरिद गर्नुपर्ने भएको हुदाँ उल्लेखित स्पेशिफिकेसन बमोजिमका डेस्कटप कम्प्युटर के कति मुल्यमा उपलब्ध गराउन सकिन्छ। तोकिए बमोजिमको डेस्कटप कम्प्युटरको दररेट ७ (सात) दिन भित्र जिन्सी शाखामा पेश गर्नहन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल:-**
१. प्रस्तावना/दररेट पेश निवेदन
२. भ्याट/प्यान दर्ता प्रमाण प्रतिलिपी
३. व्यवसाय दर्ता तथा नवीकरण भएको प्रतिलिपी
४. आ.व.०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको प्रतिलिपी

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## शिक्षक सरुवालाई राजनीतिकरण नगर्न आग्रह

**युग संवाददाता**
**सुर्खेत, १८ कार्तिक ।**

वीरेन्द्रनगर नगरपालिकाले शिक्षक सरुवाको विषयलाई राजनीतिकरण नगर्न आग्रह गरेको छ। आज पत्रकार सम्मेलनको आयोजना गरी वीरेन्द्रनगर नगरपालिकाले संविधानले स्थानीय तहलाई दिएको अधिकार बमोजिम शिक्षक सरुवा गरिएको भन्दै त्यसलाई राजनीतिकरण नगर्न आग्रह गरेको हो।

पत्रकार सम्मेलनमा नगर प्रमुख मोहनमाया ढकालले शैक्षिक सुधारका लागि आवश्यकताका आधारमा शिक्षक सरुवा, विद्यालय समायोजन र दरबन्दी मिलान गरिएको भन्दै यसलाई कसैले पनि राजनीतिक रुपमा हेर्न नहुने बताए। माध्यामिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई भए बमोजिम नगरपालिकाले बनाएको स्थानीय शिक्षा ऐनका साथै दश बर्षे शिक्षा योजना कार्यान्वयनको चरणमा रहेको प्रमुख ढकालले स्पष्ट पारे।

वीरेन्द्रनगर नगरपालिकाले केही दिन अघि नगरपालिका भित्रका माध्यामिक विद्यालयमा शिक्षक सरुवा, पाँच बर्षका लागि प्राधानाध्यापक नियुक्ति तथा विद्यालय समोजन गरेको थियो। नगरपालिकाको निर्णय बिरुद्ध शिक्षक, विद्यालय व्यवस्थापन समिति र कतिपय अभिभावकहरुले विरोध गर्दै नगरपालिकामा अस्तीदेखि तालाबन्दी गरेका छन्।

विशेषगरी नेपाली काँग्रेसमा आवद्ध शिक्षक र विद्यालय व्यवस्थापन समितिका व्यक्तिहरु आन्दोलनमा देखिएका छन्। उनीहरुले नगरपालिकामा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिहरुले राजनीतिक रुपमा आफूहरुलाई पेल्न खोजेको आरोप लगाएका छन्। नगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव धिरेन्द्र प्रसाद शर्माले सरुवा गर्दा राजनीतिक आस्था र बिचारलाई नहेरी नगरपालिकाको आवश्यकता बमोजिम काम गरिएको दाबि गरे।

प्राधानाध्यापकहरुलाई पाँच बर्षका लागि काजमा पठाइएको तथा कतिपय विदालयमा दरबन्दी मिलान पनि गरिएको शर्माले बताए। नगरपालिकाको निर्णयबाट असन्तुष्ट पक्षले निर्णय फिर्ता लिन माग गर्दै आइतबारदेखि नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका छन्। नगर प्रमुख ढकालले तालाबन्दी खोलेर बार्तामा आउन आग्रह गरिएको छ। ताला बन्दीबाट नागरिकलाई सेवा प्रवाहमा असर परेको भन्दै प्रमुख ढकालले वार्ता र संवादबाटै समाधान खोज्न आग्रह गरिन।

## हात्ती...

वनजङ्गल नजिक नजान अनुरोध गरिएको बाँके राष्ट्रिय निकुञ्जका प्रमुख वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताए।

उनले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि निकुञ्जले विभिन्न गतिविधि गर्दै आएको उल्लेख गर्दै वन्यजन्तुबाट मृतक तथा घाइतेलाई कानुनबमोजिम राहत तथा क्षतिपूर्ति उपलब्ध गराइने उल्लेख गरे। आगामी दिनमा बाघका कारण हुनसक्ने जोखिम न्यूनीकरण र मध्यवर्ती क्षेत्रका नागरिकले अपनाउनुपर्ने सावधानीका विषयमा समेत स्थानीय र सरोकारवाला निकायसँग छलफल गरिएको उनको भनाइ छ।




## लागुऔषध ब्राउनसुगर सहित ३ जना पक्राउ

**युग संवाददाता**
**सुर्खेत, १८ कार्तिक ।**

सुर्खेत प्रहरीले लागूऔषध ब्राउनसुगर सहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एक जनाले वीरेन्द्रनगरमा बिसाउने चौतारी क्याफे सञ्चालन गरिरहेको खुल्न आएको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेत र लागूऔषध नियन्त्रण शाखा सुर्खेतबाट खटिएको संयुक्त प्रहरी टोलीले प्राप्त गोप्य सूचनाका आधारमा मंसिर १७ गते वीरेन्द्रनगर नगरपालिका-०८ स्थित क्याफेमा छापा मारी ११ ग्राम ४ सय ७० मिलिग्राम ब्राउनसुगर बरामद गरेको हो।

प्रहरीका अनुसार सो क्रममा वीरेन्द्रनगर-०५ घर भई वडा नं ०८ मा बस्दै आएका २८ वर्षीय हिमाल आलेलाई शंकास्पद अवस्थामा फेला पारिएको थियो। उनले सञ्चालन गरेको "बिसाउने चौतारी क्याफे" होटलको शौचालयको भेन्टिलेसनमा ब्राउनसुगर लुकाएर राखिएको भेटिएको प्रहरीले जनाएको छ।

त्यसैगरी घटनासँग सम्बन्धित रहेकामा शंका लागेपछि वीरेन्द्रनगर-०४ मुलपानी बस्ने २६ वर्षीय सरोज ढकाललाई समेत पक्राउ गरिएको छ। उनको शरीर खानतलासी गर्दा ०.३६ मिलिग्राम ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ।

त्यस्तै, अर्को सूचनाका आधारमा सोही दिन वीरेन्द्रनगर नगरपालिका-०१ मा खटिएको प्रहरी टोलीले ४७ वर्षीय प्रेम गुरुङलाई पक्राउ गरेको छ। उनको साथबाट ३.१८० ग्राम तीन ग्राम एक सय असी मिलिग्राम ब्राउनसुगर बरामद गरिएको हो। पक्राउ परेकासँगै प्रहरीले १५ ग्राम १० मिलिग्राम ब्राउनसुगर १ लाख ७१ हजार ३ सय ३० रुपैयाँ नगद, कैंची दुई थान र प्लास्टिकको टुक्रा एक थान बरामद गरेको जनाएको छ।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**समयमै बसाइसराइ दर्ता गरौं।**

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:**
- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:**
- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता।

**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत।